वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
फोन नं.: ०६३-४४०१७७
गण्डकी प्रदेश, नेपाल

प.सं.: ०८२/०८३
च.नं.:

मिति: २०८२/०८/०३

## पालिका गान रचना पेश गर्ने सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२ साल मंसिर ३ गते)**

प्रस्तुत विषयमा वालिङ नगरपालिकाको पालिका गान तयार गर्नुपर्ने भएकोले देखाएको शर्तको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयमा व्यक्तिगत वा सामूहिक रुपमा रचना पेश गर्नुहुन इच्छुक नेपाली नागरिकहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरू

१. वालिङ नगरपालिकाको नाम अनिवार्य रूपमा समावेश हुनुपर्नेछ।

२. रचनामा वालिङ नगरपालिकाको सामाजिक आर्थिक सांस्कृतिक भौगोलिक प्राकृतिक धार्मिक ऐतिहासिक पुरातात्विक एवं भौतिक विशिष्टता झल्कने गरी तयार गर्नुपर्नेछ।

३. पेश हुने रचना बढीमा ५० शब्द भएको उल्लेखित मौलिक विशिष्टता झल्कने गरी मानक नेपाली भाषामा र सहज बोध्य हुनुपर्नेछ।

४. रचनामा प्रयोग भएका शब्दको संक्षिप्त व्याख्या गर्नुपर्नेछ। कुनै पनि जातीय विभेद सामाजिक सद्भाव सार्वभौमिकता राष्ट्रिय एकता अखण्डतामा आँच आउने संकेत वा शब्द प्रयोग गर्न पाइने छैन।

५. पालिका गान छनोटको सर्वाधिकार विषय विज्ञहरूसमेत रहेको समितिमा रहनेछ र छनोट भएको रचनामा विषय विशेषज्ञहरूको समितिले आवश्यक परिमार्जन गर्न सक्नेछ।

६. पालिका गान छनोट समितिले छनोट गरेको रचना पालिका गानको रुपमा स्वीकृति सम्बन्धी अन्तिम अधिकार वालिङ नगरकार्यपालिकामा निहित रहनेछ।

७. स्वीकृत पालिका गानको सर्वाधिकार वालिङ नगरपालिकामा रहनेछ र रचनाकारले अन्यत्र प्रयोग गर्न पाइने छैन।

८. छनोट भएको रचनाको रचनाकारलाई कदरपत्र सहित नगद पुरस्कार प्रदान गरिनेछ।

९. रचना व्यक्ति आफै आई खामबन्दी गरी नगरपालिकाको शिक्षा तथा खेलकुद शाखामा बुझाउन सकिनेछ वा पालिकाको इमेल ठेगाना walingmun@gmail.com मा समेत पेश गर्न सकिनेछ। रचना पेश गर्दा रचनाकारको नाम थर ठेगाना सम्पर्क नम्बर प्रष्ट रूपमा खुलेको हुनुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत